# नेपाल राष्ट्र बैंक
**प्रेस समाचार**

## गभर्नर डा. चिरंजीबि नेपालद्वारा बैंक मर्जरपश्चात्को संयुक्त कारोवारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले वैशाख १३ गते मेगा बैंक नेपाल लिमिटेडद्वारा बुटवलमा आयोजित मेगा बैंक नेपाल लिमिटेड तथा पश्चिमाञ्चल डेभलपमेन्ट बैंक लिमिटेडको एक आपसमा गाभिएर बनेको **मेगा बैंक नेपाल लिमिटेड**को नामबाट 'क' वर्गको राष्ट्रिय स्तरको वाणिज्य बैंकको रुपमा संयुक्त कारोवार प्रारम्भको समुद्घाटन गर्नुभयो ।



उक्त समारोहमा गभर्नर डा. नेपालले मेगा बैंक नेपाल लिमिटेडलाई संयुक्त कारोबार शुरु भएकोमा बधाइ तथा शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले देशको आर्थिक गतिविधिहरुले गति लिन थालेको र विभिन्न क्षेत्रमा बैंकको संयुक्त कारोबार शुरु हुनु देशको अर्थतन्त्रलाई फाइदाजनक हुनसक्ने विचार व्यक्त गर्नुभयो । साथै, उहाँले अर्थतन्त्रमा बैंकको भूमिका पूँजी एकिकृत गर्ने तथा मध्यस्थकर्ताको रुपमा लगानीकर्तामा पूँजी प्रवाह गर्ने भएकोले आफु नाफा उन्मूख नभई उत्पादनशील क्षेत्रमा लगानी गर्न र लगानीकर्ताहरुलाई सहयोग गरी देशको समग्र आर्थिक विकासका लागि योगदान पुऱ्याउने कार्यमा सहयोग गर्नु पर्ने कुरा बताउनु भयो । सोही क्रममा गभर्नर डा. नेपालले बैंकले संस्थागत सुशासनमा ध्यान पुऱ्याउनु जरुरी रहेको भन्नु हुँदै नयाँ लगानीमूलक क्षेत्रहरुको पहिचान गर्न अनुसन्धान तथा विकासको प्रक्रियालाई पनि उत्तिकै महत्व दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उद्घाटन कार्यक्रममा मेगा बैंक नेपाल लिमिटेड र पश्चिमाञ्चल डेलभपमेण्ट बैंक लिमिटेडका उच्चपदाधिकारीहरू, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू र स्थानीय उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

**मिति २०७३ वैशाख १३, सोमबार** | **गभर्नरको कार्यालय**